नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

प्रस्तुत विषयमा यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३।०३।२६ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारवाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारवाही** |
|---|---|---|---|
| १. | के. बि फुड सर्भिस, काठमाडौं मनपा -२९, अनामनगर (Liberty College मा संचालित) | • उजुरीमा "क्यान्टिन unhygienic भएको" भनि उल्लेख भए बमोजिम सरसफाई पर्याप्त नदेखिएको<br>• पाकेको खाद्य पदार्थ नछोपी राखेको<br>• फ्रिजमा खाद्य पदार्थ नछोपी लेबल नलगाई अव्यवस्थित तरिकाले भण्डारण गरेको<br>• खुल्ला फोहोरदानीमा भान्सा मै फोहोर फाल्ने गरेको। | • नियमित सरसफाई र कामदारको व्यक्तिगत सरसफाइमा ध्यान दिई खाद्य स्वच्छता र गुणस्तर कायम गर्ने<br>• पाकेको खाद्य पदार्थ छोपेर उपयुक्त तापक्रममा भण्डारण गर्ने<br>• फ्रिजमा खाद्य पदार्थ लेबल लगाएर छोपेर राख्ने र काँचो पाकेको अलग अलग गरी भण्डारण गर्ने<br>• आफै ढक्कन लाग्ने फोहोरदानीको व्यवस्था मिलाउने<br>• उल्लेखित निर्देशन पालना गरी सुधारको प्रमाण सात (७) दिन भित्र विभागमा पेश गर्ने। |
| २. | खाजा मोड, कामनपा-३०, ज्ञानेश्वर | • सरसफाई समान्य रहेको<br>• खुल्ला फोहोरदानीमा भान्सा मै फोहोर फाल्ने गरेको। कृत्रिम खाद्य रंगको प्रयोग गर्ने गरेको<br>• उपभोग्य मिति समाप्त भएको एक (१) बट्टा एकसय (१००) ग्राम बेकिंग पाउडर फेला परेको<br>• पाकेको खाद्य पदार्थ नछोपी राखेको। | • नियमित सरसफाई गरी खाद्य स्वच्छता कायम गर्ने<br>• आफै ढक्कन लाग्ने फोहोरदानी प्रयोग गर्ने<br>• फ्राइ गर्ने खाद्य पदार्थमा कृत्रिम खाद्य रंगको प्रयोग नगर्ने र प्रयोग गर्दा SOP (Standard Operating Procedure) तयार गरी लागु गर्ने<br>• उपभोग्य मिति समाप्त भएको एक (१) बट्टा बेकिंग पाउडर नष्ट गरिएको<br>• पाकेको खाद्य पदार्थ छोपर राख्ने। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः २ वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/२९

# अनुगमनका केहि झलकहरु







